पाणिनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाफाँट, अर्घाखाँची

५ नं प्रदेश, नेपाल

प.स. २०७६/०७७

च.नं

मितिः२०७६/११/२२

## पाणिनी गाउँपालिकाको अनुरोध

छिमेकी मित्रराष्ट्र चिनको वुहान प्रान्तबाट सुरु भएको कोरोना भाइरस (कोभिड १९ को) सङ्क्रमण अहिले विश्वका धेरै मुलुकमा फैलिरहेको छ ।यसको जोखिमबाट बच्न नेपाल सरकारले पनि बिभिन्न कदमहरु चालेको छ।यसै अनुरुप पाणिनी गाउँपालिका पनि यस रोगबाट सुरक्षित रहन निम्न उपायहरु अवलम्बन गर्न गाउँकार्यपालिकाको कार्यालय सर्वसाधारणको हितको लागि सबैमा अनुरोध गर्दछ ।

- अत्यावश्यक अवस्थामा बाहेक सभा, समारोह, भेला, गोष्ठी लगायतका कार्यक्रमहरु हाललाई नगर्नु /नगराउनु हुन,
- होलि पर्व मनाउने क्रममा भिडमा जम्माभइ पानीमा भिज्ने, अविर लगाउने तथा लोला हान्ने जस्ता कार्यहरु नगर्न/नगराउनु हुन,
- शैक्षिक संस्थाहरुमा धेरै मानिसहरु जम्मा भई गरिने सभा, समारोह, वार्षिक उत्सव लगायतका कार्यक्रमहरु हाललाई नगर्नु/नगराउनु हुन,
- हाललाई भेला सभा, समारोह, मेला महोत्सब लगायतका कार्यक्रमहरु नगर्न/नगराउनु हुन,
- कोरोना भाईरसबाट बच्न नियमितरुपमा साबुन पानीले हात धुने, अनावश्यक भिडमा नजाने, खोक्दा वा ह्याछिउँ गर्दा आफ्नो नाक मुख छोप्ने र व्यक्तिगत सरसफाईमा विषेश ध्यान दिने।

2076/11/22

लक्ष्मी गौतम

उपाध्यक्ष

लक्ष्मी गौतम
उपाध्यक्ष

"पाणिनि र दुर्वाशा ऋषिको पहिचान,समृद्ध पाणिनि हाम्रो अभियान"

फोन नं ९८५७०६६४९८